# मानव अधिकार पत्र

*राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन*

बर्ष ४ अङ्क ६ असोज-कार्तिक


## विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यशाला सम्पन्न




राष्ट्रिय मानव अधिकार आयोगले विश्वव्यापी आवधिक समीक्षा (युपीआर) सम्बन्धी कार्यशाला २०७८ असोज ८ गते मकवानपुरको हेटौंडामा सम्पन्न गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मनोज दुवाडीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि श्रेष्ठले मानव अधिकार संरक्षणको लागि संसद्, सरकार र नागरिक समाजबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो

उहाँले नेपालको सविधानले मानव अधिकारको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको उल्लेख गर्नुहुँदै महिला बालबालिका र फरक क्षमता भएका नागरिकको रक्षा गर्न

संविधान पूर्णरूपमा कार्यान्वयन हुनुपर्ने बताउनुभयो । प्रदेश सरकारले समेत मानव अधिकारमैत्री कानुन निर्माणका लागि पहल गरिरहेको उहाँको भनाइ थियो । आयोगका सदस्य मनोज दुवाडीले मानव अधिकारको सम्मान संरक्षण र प्रभावकारी कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारको भएको उल्लेख गर्दै कानुनी शासनको प्रभावकारी कार्यान्वयन गरी मानव अधिकार सुनिश्चितताका लागि राज्य जिम्मेवार हुनुपर्ने बताउनुभयो । संयुक्त राष्टसङ्घीय मानव अधिकार परिषद्को विश्वव्यापी मानव अधिकार आवधिक समीक्षामा नेपालले स्वीकार गरेका सिफारिसहरू प्रभावकारी कार्यान्यवनप्रति संवेदनशील हुन तीनै तहका सरकारलाई आग्रह गर्नुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेका मानव अधिकारका प्राथमिकता क्षेत्रबमोजिम प्रदेश सरकार तथा स्थानीय सरकारले वार्षिक कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयनतर्फ अग्रसर हुन सरकारी निकायलाई आग्रह गर्नुभयो । नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य शान्तराम बिडारीले भौतिक विकासले मात्र मानव अधिकार स्थापित हुन नसक्ने उल्लेख गर्नुभयो । सविधानले प्रदान गरेका मौलिक हक लगायतका सविधान प्रदत अधिकारको कार्यान्वयन गरी मानव अधिकारको प्रत्याभूति गराउन राज्यका निकायहरू लाग्नुपर्नेमा उहाँको जोड थियो ।

कार्यक्रममा आयोगको वाग्मती प्रदेश कार्यालयका प्रमुख/सहसचिव यज्ञप्रसाद अधिकारीले कार्यक्रमको



उद्देश्य, युपीआर र मानव अधिकार राष्ट्रिय कार्ययोजना र सहसचिव दिपकजङध्वज कार्कीले युपीआर विश्वव्यापी आवधिक समीक्षा सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । त्यसैगरी सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले मकवानपुर जिल्लाको मानव अधिकार अवस्थासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूको तर्फबाट स्वाधीन खबर पत्रिकाका प्रधान-सम्पादक रुद्र खड्काले सिन्धुली जिल्लाको मानव अधिकारको अवस्था सम्बन्धमा प्रकाश पार्नुभएको थियो । कार्यपत्र प्रस्तुतिपछि सहभागीहरूबाट जिल्लाको मानव अधिकार अवस्थाका आआफ्नो भनाइ राख्नुभएको थियो ।

कार्यक्रममा जिसस मकावनपुरका जिल्ला समन्वय अधिकारी आनन्दराज पोखरेल, प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नवराज अधिकारी, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी नायब उपरीक्षक अम्बरबहादुर खत्री र सुपारेटार ब्यारेकका प्रमुख सेनानी राजेश थापाको सहभागिता रहेको थियो । गैरसरकारी संस्था महासङ्घका वाग्मती प्रदेश अध्यक्ष दामोदर अर्याल, उच्च अदालत बार एशोसिएसनका प्रतिनिधि सुवासचन्द्र

अधिकारी लगायत, १३ जिल्लाका मानव अधिकारकर्मी एवम् सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

## ३१ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा कार्यक्रम



राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम कार्यालय धनगढी र फाया नेपालको सहकार्य एवम् धनगढी उपमहानगर पालिका वार्ड नं १५ को आयोजना ३१ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा जेष्ठ नागरिक सम्मान, सहायता सामग्री वितरण र ज्येष्ठ नागरिक घरधुरी सङ्केतीकरण कार्यक्रम मिति २०७८/६/१५ गते सम्पन्न भएको छ ।

धनगढी उपमहानगरपालिका वार्ड नं १५ का वडाध्यक्ष फुलाराम चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको विशेष अतिथि आयोगका सुदुर पश्चिमप्रदेश कार्यालय प्रमुख मोहनदेव जोशी र धनगढी उपमहानगरपालिकाका प्रमुख नृपबहादुर ओड कार्यक्रमको प्रमुख अतिथि रहनु भएको थियो। कार्यकममा प्रमुख अतिथि ओडले धनगढी उपमहानगरपालिकाले जेष्ठ नागरिकको विषयलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइरहेको, आवश्यक बजेट व्यवस्थापन, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको भवन निर्माण गरिएको जानकारी गराउनुभयो । एकीकृत सेवा उपलब्ध गराउने उद्देश्यका साथ ज्येष्ठ नागरिक भएका घरधुरीमा रातो झण्डा राखी सङ्केतिकरण गरिने जानकारी दिँदै यसमा सबै पक्षको सहयोग हुनुपर्नेमा जोड दिनुभयो ।

आयोगका कार्यालय प्रमुख मोहन जोशीले आयोगले स्थापनादेखि नै ज्येष्ठ नागरिकको विषयलाई उच्च प्राथमिकतामा राखी कार्य गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले आयोगले ज्येष्ठ नागरिकको अवस्थाको अध्ययन/अनुगमन गरी प्रतिवेदन प्रकाशन, प्राप्त तथ्यको आधारमा सरकारलाई कार्यान्वयन गर्न सिफारिस गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा बेहडाबाबा ज्येष्ठ नागरिक समाजका सस्थापक अध्यक्ष स्व. गंगाराम चौधरीलाई मरणोप्रान्त नगदसहित सम्मानपत्र प्रदान गरिनुको साथै एक वर्षको अवधिमा दिवङ्गत हुनुभएका धनगढी उपमहानगरपालिका वडा नं १५, १६, १७, १८ का ज्येष्ठ नागरिकहरूको स्मरण गर्दै तस्वीरमा माल्यार्पण गरिएको थियो । प्रमुख अतिथि र विशेष अतिथिबाट ७० वर्षभन्दा माथिका ३० जना ज्येष्ठ नागरिकलाई दोसल्ला ओडाइ सम्मान गरिनुका साथै सहायता समाग्री लौरो/छडी प्रदान गरिएको थियो। सबैभन्दा ज्येष्ठ १०४ वर्षीया रम्मा रानालाई विशेष सम्मान गरिएको थियो ।

आयोगका मानव अधिकार अधिकृत रुपाश्री निरौलाले ज्येष्ठ नागरिकका समस्याको लागि उजुरी प्रक्रियाबारे जानकारी गराउनुभएको थियो । कार्यकममा धनगढी

उपमहानगरपालिका वार्ड नं १५, १६, १७, १८ का १ सय ५० जना पुरुष र १ सय ६० महिला गरी जम्मा ३०० जना जेष्ठ नागरिकहरूको उपस्थिति रहेको थियो ।

## बाल हिंसा अन्त्य गर्ने सम्बन्धमा अन्तरक्रिया

आयोग र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को सहकार्यमा "बाल हिंसा अन्त्यका लागि बालसंरक्षण प्रणाली, संयन्त्रको सुदृढीकरण र नागरिक तथा बालबालिकाको सहज उजुरी अन्तर्किया" विषयक कार्यक्रम सम्पन्न भएको छ । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षता २०७८ कार्तिक १७ गते भएको सो कार्यक्रममा बाल हिंसाका विविध पक्षमा छलफल भएको थियो । उक्त कार्यक्रमको सहजीकरण बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) को उपाध्यक्ष मिना शर्माले गर्नुभएको थियो । बाल हिंसा अन्त्यका लागि आगामी दिनहरूमा सुधार गर्नुपर्ने प्रणाली र गुनासो सुनुवाइ फारममा एकरूपता हुनुपर्ने लगायतका विषयमा सिजपका निर्देशक मधु दवाडी र डा. पद्यमप्रसाद खतिवडाले प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिउपर उपस्थित सहभागीहरूले जिज्ञासा राख्नुको साथै विभिन्न सुझावहरू प्राप्त भएका थिए ।

कार्यक्रममा आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सङ्घीय मामिला मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका प्रमुख/प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । त्यसैगरी राष्ट्रिय योजना आयोग, महान्यायधिवक्ता कार्यालय, नेपाल बाल अधिकार परिषद, नेपाल प्रहरीसहित सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू गरी जम्मा ५२ जनाको सहभागिता रहेको थियो ।

## महिला तथा बाल अधिकारको अवस्था विषयक अन्तरसंवाद्




आयोगको गण्डकी प्रदेशको आयोजना र महिला मानव अधिकार रक्षक सञ्जाल तनहुँको समन्वयमा असोज २२ गते तनहुँको दमौलीमा महिला तथा बाल अधिकारको अवस्था विषयक अन्तरसंवाद् कार्यक्रम सम्पन्न भएको छ । आयोग गण्डकी प्रदेश निमित्त प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले महिला तथा बालबालिकाको अवस्था सम्बन्धमा अनुगमनका क्रममा प्राप्त तथ्यहरू प्रस्तुत गर्दै सहजीकरण गर्नुभएको थियो । प्रमुख अतिथि व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले कानुनमा अधिकार दिए पनि व्यवहारमा लागु नभएको भन्दै मानव अधिकारको विषयमा कुनै आग्रह पुर्वाग्रह नराखी सहयोग गर्न आफू तयार रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले जिल्लामा महिलामाथि हुने हिंसाका घटनामा कमी नभएको, घरेलु हिंसाका घटना अधिक रहेको, बालविवाह प्रमुख समस्याका रूपमा रहेको,

बालबालिका विद्यालय छाड्ने क्रम नरोकिएको जस्ता समस्या उजागर गरेका थिए । त्यसैगरी महिला तथा बालबालिकाको सहभागिता कानुनी रूपमा भए पनि व्यवहारिक रूपमा हुन नसकेको, सम्बन्ध विच्छेदका घटना वृद्धि हुँदै गएको सहभागीहरूको भनाइ थियो । महिला हिंसासँगै पुरुषमाथि हुने हिंसाका घटनामा समेत वृद्धि भएको, सामाजिक कु-संस्कारबाट हुने हिंसा नरोकिएको, यौनजन्य हिंसाबाट महिला तथा बालबालिका बढी पीडित भएको, बालश्रम, जन्मदर्ता, विवाह दर्ता तथा नागरिकता प्राप्तिमा कठिनाइ, आत्महत्यामा वृद्धि आदि विषयसमेत उठाइएका थिए। महिला तथा बाबिलिकासँग जोडिएका घटनाहरू न्यायिक समितिमा दर्ता हुने, मेलमिलापमा जोड दिने तथा पीडित पक्ष कानुनी उपचार एवम् न्यायमा पहुँचमा पुग्न नसक्ने हुँदा त्यसतर्फ ध्यान दिन र सचेतनामूलक कार्यक्रममा जोड दिनुपर्ने उनीहरूको भनाइ थियो । यसरी धारणा राख्नेहरूमा व्यास नपा ५ वडा सदस्य कृष्णदेवी खनाल, सञ्चारकर्मी अञ्जना तिमल्सिनन, व्यास नपा १० वडा सदस्य लक्ष्मी परियार, प्रहरी हवल्दार सुनिता कार्की इनह्विल क्लब अफ दमौलीकी अध्यक्ष मन्जु थापा हुनुहुन्थ्यो। मुस्लिम महिला साना मियाँ, महिला मानव अधिकार रक्षक सञ्जाल तनहुँकी अध्यक्ष कला पुन, महिला मानव अधिकार रक्षक सञ्जाल गण्डकी प्रदेशकी सदस्य कल्पना पौडेल, आदिवासी जनजाति जिल्ला कार्य समिति तनहुँकी अध्यक्ष बसुन्धरा घर्तीले पनि विचार राख्नुभएको थियो ।

## जेष्ठ नागरिकलाई दिवा सेवा केन्द्रमार्फत सेवा प्रदान गर्नुपर्ने



आयोगको गण्डकी प्रदेश कार्यालय, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र राष्ट्रिय जेष्ठ नागरिक महासङ्घ गण्डकीको समन्वयमा पोखरामा २०७८ असोज १५ गते ३१ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस ( अक्टुबर १) को अवसरमा जेष्ठ नागरिकका अनुभव र वर्तमान पुस्ताको कतर्व्य तथा जिम्मेवारी विषयक अन्तरक्रिया सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले गण्डकी प्रदेश सरकारले जेष्ठ नागरिकहरूलाई मध्यनजर राखी टोलटोलमा जेष्ठ नागरिक सेवा केन्द्र तथा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने गरी नीति तथा बजेट विनियोजन गरेको जानकारी गराउनुभएको थियो। घरपरिवारबाट नै जेष्ठ नागरिकको सम्मान हुनुपर्ने र संरक्षण हुनुपर्ने भन्दै असहाय, असक्त र कोही आफन्तनभएका एवम् संरक्षणको आवश्यकता भएका जेष्ठ नागरिकको जिम्मेवारी प्रदेश सरकारले लिने उहाँको भनाइ थियो। आयोगका माननीय सदस्य लिली थापाले जेष्ठ नागरिकको सम्मानका लागि युवापुस्तालाई लक्षित गरी सन्देशमलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र

हरेक अंशियारबाट आम्दानीको १० प्रतिशत जेष्ठ नागरिकलाई अनिवार्य उपलब्ध गराउने गरी कानुन तर्जुमाको कार्यलाई तीब्रताका साथ अगाडि बढाउनुपर्ने उल्लेख गर्नुभयो । जेष्ठ नागरिकलाई वृद्धाश्रममा राख्न नहुने तर दिवा सेवा केन्द्रमार्फत सेवा प्रदान गरिनु पर्नेमा जोड दिँदै दिवा स्याहार केन्द्र व्यवस्थित रूपमा सञ्चान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा आयोगका गण्डकी प्रदेश कार्यालय पोखराका मानव अधिकार अधिकृत टंक खनालले आयोगले जेष्ठ नागरिकका सवालमा गरेका कामहरू तथा जेष्ठ नागरिकका हक अधिकारसँगै कानुनी व्यवस्थाहरूका बारेमा सहजीकरण गर्नुभएको थियो । यसैगरी शिक्षा, संस्कृति, प्रविधी तथा सामाजिक विकास मन्त्रालयका निमित्त सचिव दामोदर सुवेदीले प्रदेश सरकारले जेष्ठ नागरिकका क्षेत्रमा गरेका काम तथा नीतिगत व्यवस्थाहरूका बारेमा प्रस्तुति गर्नुभएको थियो । राष्ट्रिय जेष्ठ नागरिक महासङ्घ गण्डकीका अध्यक्ष कुशुमकेशव पराजुलीले जेष्ठ नागरिकका अनुभव, जेष्ठ नागरिकका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाले गरेका कामहरू तथा जेष्ठ नागरिक सेवा केन्द्रबाट प्रदान गरिएका सेवाहरूका बारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा आयोगका गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख चन्द्रकान्त चापागाईले विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सरकारी, गैरसरकारी, जेष्ठ नागरिक, मानव अधिकार, नागरिक समाज, सञ्चार क्षेत्रबाट गरी जन्मा ५५ जनाको सहभागिता रहेको थियो ।

## मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना अभिमुखिकरण

आयोगको प्रदेश नं. १ शाखा कार्यालयले खोटाङ जिल्लाका साकेला, र रावावेशी गाउँपालिका तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा पाँचौ राष्ट्रिय कार्ययोजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । सोही प्रकृतिको कार्यक्रम ओखलढुङ्गा जिल्लाका सिद्धिचरण नगरपालिका र मानेभञ्ज्याङ गाउँपालिकामा पनि सम्पन्न भएको छ । अभिमुखीकरण कार्यक्रममा सबै पालिकाकाअध्यक्ष/प्रमुखहरू,आध्यक्ष/उपप्रमुखहरू, वडाध्यक्षहरूसहित वडा सदस्यहरू, कार्यपालिका सदस्यहरू र पालिकामा कार्यरत सम्बन्धित शाखा प्रमुखसहित कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको रहेको थियो । कार्यक्रममा कार्ययोजनाको पृष्ठभूमि, यसको आवश्यकता, कार्यान्वयन पक्ष, कार्ययोजनासँग दीगो विकास लक्ष्य र संयुक्त राष्टसङ्घीय संयन्त्रका सुझाव तथा सिफारिसहरूको सम्बन्धको बारेमा चर्चा गरिएको थियो । यसको साथै स्थानीय तहबाट त्यसको कार्यान्वय हुन नसकेमा त्यसले पार्ने राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभाव एवम् राष्ट्रिय कार्ययोजनाले समेटेका विषयहरू, कार्ययोजना कार्यान्वयनको लागि स्थानीय तहको दायित्व र जिम्मेवारी सम्बन्धमा पनि प्रकाश पारिएको थियो । आयोगका प्रदेश शाखा कार्यालय प्रमुख श्यामबाबु काफ्लेले विषयवस्तुमा केन्द्रित रही प्रस्तुतीकरण गर्नुभएको थियो । सिद्धिचरण नगरपालिकामा नगरप्रमुखसहित ३९ र मानेभञ्ज्याङ गाउँपालिकामा

अध्यक्षसहित ३१ जनाको उपस्थिति रहेको थियो । यस्तै रावावेशी गाउपालिकामा र साकेला गाउँपालिकामा अध्यक्षहरूसहित क्रमश ३७ र ३० तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकमा ३७ जना जनप्रतिनिधि तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । अभिमुखीकरण कार्यक्रमसँगै खोटाङ जिल्लाका साकेला र दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा स्थानीय समन्वय समिति पनि गठन भएका छन् । रावावेसी र सिद्धिचरण नगरपालिकाले आयोगको पत्रबमोजिम यसअगाडि नैसमिति गठन गरिएको थियो ।

## मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना अनुगमन



प्रदेश नं. १ शाखा कार्यालयबाट यस अवधिमा खोटाङ र ओखलढुङ्गा जिल्लामा मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन सम्पन्न भएको छ । प्रदेश नं. १ शाखा कार्यालयका कार्यालय प्रमुख श्यामबाबु काफ्ले र मानव अधिकार अधिकृतद्वय चिरञ्जिवी कोइराला र नेत्रबहादुर गौतम सम्मिलित टोलीले दुवै जिल्लामा कार्ययोजनामा उल्लेखित विषयहरूमा आधारित भई तयार गरेको रुजुसुचीको आधारमा गरेको अनुगमनबाट कार्यान्वयन अवस्था चिन्ताजनक रहेको पाइएको छ । दुई जिल्लाका १८ स्थानीय तहमध्ये केवल चारवटा स्थानीय तहमा स्थानीय समन्वय समिति नै गठन नभएको र जिल्ला समन्वय समिति समेत गठन हुन नसकेको पाइएको छ । समिति गठन भएका पालिकाहरूमा पनि कार्ययोजनाका विषयवस्तुहरूले पालिकाका कार्यक्रमहरूमा पहिचानसहित स्थान पाउन नसकेको पाइएको छ ।

यसअलावा कार्यान्वयन गर्नुपर्ने जिम्मेवारीमा रहेका जनप्रतिनिधि र कर्मचारीहरूसमेत यस कार्ययोजनाको बारेमा अनभिज्ञ रहेको र वास्तविक रूपमा कार्ययोजना प्रतिबद्धतामा समेत खासै चासो रहेको नदेखिएको अवस्था छ। यस कार्यालयको यसअघिको ३ पटकको पत्राचारपछि पनि विशेषत: जिल्ला समन्वय समिति गठनमा दुवै जिल्ला समन्वय समिति निष्क्रिय रहेको पाइएको छ । फलत: कार्ययोजनाको उद्देश्य पूरा परिपूर्ति नहुने अवस्था देखिएको छ ।

## पत्रकारमाथि हुने अपराधमा दण्डहीनताविरुद्धको अन्तर्राष्ट्रिय दिवस सम्पन्न

संयुक्त राष्टसङ्घको आह्वानमा प्रत्येक वर्ष नोभेम्बर २ मा पत्रकारमाथि हुने अपराधमा दण्डहीनताविरुद्धको अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने गरिन्छ । यस सन्दर्भमा यस कार्यालयको आयोजनामा सोलुखुम्बुमा यो दिवस पहिलो पटक सम्पन्न भएको छ । कार्तिक ११ गते सम्पन्न उक्त कार्यक्रममा दिवस मनाउनुको पृष्ठभूमि, महत्त्वसँगै पत्रकारविरुद्ध भएका अपराधमा दण्डहीनताको

अवस्था बारेमा यस कार्यालयका कार्यलय प्रमुख उपसचिव श्यामबाबु काफ्ले आफ्नो प्रस्तुति राख्नुभएको थियो । सो क्रममा उहाँले संसारमा सन् २००६ देखि २०२० सम्म १५ वर्षको अवधिमा १,२०० जना पत्रकारको हत्या हुँदा अति न्यून घटनामा मात्र कानुनी कारबाही भएको, परिणाम सन् २०२१ जनवरीदेखि सेप्टेम्बरसम्मा ४४ जना पत्रकार मारिएको उल्लेख गर्नुभएको थियो । नेपालमा विगत ३ वर्षमा अभिलेखित भएका १६७ घटनाहरू भएको उल्लेख गर्दै सशस्त्र द्वन्द्व अवधिमा ३५ जना पत्रकारहरूको हत्या हुँदा केवल ६ घटनामा मात्र कानुनी कारबाही र ७ परिवारले मात्र राहत पाएको जानकारी दिनुभएको थियो । उहाँले पत्रकारविरुद्ध भएका घट्नाहरूमा आयोगले अनुसन्धान, अनुगमन, कानुन पुनरावलोकन र सिफारिस गर्दै आएको उल्लेख गर्नुभएको थियो । डेकेन्द्रराज थापा, राजकुमार के.सी., वीरेन्द्रकुमार साह, उमा सिंहको सम्बन्धमा पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याउन सरकारलाई सिफारिस साथै अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधिसम्बन्धी निर्देशिका, २०७५ जारी गरेको जारी गरिएको जानकारी गराउनुभएको थियो ।

सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका नि.प्रमुख र सह जिल्ला न्यायाधिवक्ताबाट पत्रकार विरुद्धका अपराधमा कानूनी कारवाही अगाडी बढाउन प्रतिबद्ध रहेको बताउनु भएको थियो भने सोलुदुधकुण्ड नपाकी उपप्रमुख कल्पना राईले मानव अधिकार र पत्रकारको हक हितको लागि नगरपालिका प्रतिबद्ध रहेको बताउनु भएको थियो ।

## सामूहिक अधिकार अवस्थाको अनुगमन

सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड न.पा. वडा नं. ७ स्थित अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी प्रा.लि. निर्माणको सन्दर्भमा स्थानीय गार्माबासीहरूको सामुहिक अधिकार हनन भएको भनी आयोगमा प्राप्त उजूरीमाथि यस कार्यालयले आकस्मिक अनुगमन गरेको छ । आयोजनाको संरचना, आयोजनाको कारण पहिरो, पेनस्टक पाइपलाइनबाट पानी चुहिने, आवश्यक सुरक्षात्मक विधि, स्थानीय नागरिकहरूको सम्पत्ति प्रचलनमा प्रभाव लगायतका विषयमा अनुगमन केन्द्रित रहेको थियो । सो क्रममा टोलीले स्थानीय प्रभावित व्यक्तिहरू र आयोजनासँग जानकारी लिनुको साथै नेपाल सरकार र जिल्ला प्रशासन कार्यालय र सोलुदुधकुण्ड नगरपालिकासँग लिखित जानकारी गराउन पत्राचारसमेत गरेको छ । अनुगमनको क्रममा स्थानीय नागरिकहरूले आयोजना प्रभावित क्षेत्रमा पुल निर्माण हुन नसक्दा आवतजावतमा समस्या भएको पाइएको छ । विशेषत: भित्ताखर्कबाट गार्मा आउने गोरेटो बाटो क्षेत्रमा पहिरो नियन्त्रण गर्न नसकेको लगायतका गुनासाहरू टोलीसमक्ष राखेका थिए ।

## मानव बेचविखन विरुद्धको अधिकार सम्बन्धमा सञ्चारकर्मीहरूसँग अन्तरक्रिया

राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७८ असोज १४ गते नेपालमा मानव बेचविखन तथा ओसारपसारको अवस्था र यसको रोकथाम तथा नियन्त्रणका लागि सरोकारवाला निकायको भूमिका, प्रयास तथा चुनौतीहरू

विषयमा सञ्चारकर्मीहरूसँग छलफल तथा अन्तरक्रिया सम्पन्न गरेको छ । आयोगको सामूहिक अधिकार महाशाखा अन्तर्गत मानव बेचविखनविरुद्धको अधिकारसम्बन्धी शाखाबाट मानव बेचविखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन लोखनको तयारीको क्रममा परामर्श तथा सुझाव प्राप्त गर्ने उद्देश्यले उक्त छलफलको आयोजना गरिएको थियो ।

छलफलको क्रममा मानव बेचविखन सम्बन्धी प्रतिवेदनमा उल्लेख गर्नुपर्ने तथ्यहरू र आयोगबाट नेपाल सरकारलाई गर्नुपर्ने सिफारिसका सम्बन्धमा सञ्चाकर्मीहरूबाट सल्लाह तथा सुझाव प्राप्त भएको थियो । उक्त कार्यक्रम मानव बेचविखनविरुद्धको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्था वीनरक इन्टरनेशनलअन्तर्गत हाम्रो सम्मान परियोजनाको प्राविधिक सहयोगमा ललितपुर जिल्लामा सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न सञ्चार गृहमा मानव बेचबिखनविरुद्ध संलग्न सञ्चारकीहरूको उपस्थिति रहेको थियो ।

## विपद् व्यवस्थापन तथा मानव अधिकार सम्बन्धमा अनुगमन तथा छलफल




राष्ट्रिय मानव अधिकार आयोगको वाग्मती प्रदेश कार्यालय, सानेपाले सिन्धुपाल्चोक जिल्लाको मेलम्ची र हेलम्बु लगायतका स्थानमा २०७८ असार १ गतेको बाढीबाट भएको क्षति तथा पीडितको अवस्था सम्बन्धमा अनुगमन गर्नुका साथै सरोकारवालासँग छलफल गरेको थियो । आयोगका माननीय सदस्य मनोज दुवाडी, का.मु. सचिव मुरारिप्रसाद खरेल, आयोगको संरक्षण विभाग प्रमुख दीपक जंगध्वज कार्की, आयोगको सानेपा कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारी र सहायक प्रथम लोकनाथ घिमिरे सम्मिलित उच्चस्तरीय टोलीले बाढी पहिरोको कारण भएको क्षतिमा सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारवाट पीडितको उद्धार तथा राहत वितरण तथा सम्बद्ध सरोकारवाला निकायसँग भविष्यमा क्षति कम गर्न चालिनुपर्ने कदमका विषयमा सुझाव सङ्कलन गर्ने उद्देश्यले सो अनुगमन गरिएको थियो ।

अनुगमनबाट प्राप्त तथ्यहरूको सम्बन्धमा हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकाका नगरप्रमुख तथा वडाध्यक्ष लगायत बाढी प्रभावित व्यक्तिहरूसँग छलफल गरिएको थियो । साथै, आयोगको टोलीले सिन्धुपाल्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी वेदनिधि खनाल, प्रहरी उपरीक्षक राजन अधिकारी, प्रमुख सेनानी निर्मल श्रेष्ठ सशस्त्र प्रहरी उपरीक्षक अर्जुन खत्री लगायत सरोकारवाला कार्यालयका कार्यालय प्रमुखसँग समूहगत रूपमा छलफल/परामर्श गरेको थियो ।

छलफलको क्रममा सरकारले पीडित परिवारलाई तत्कालै राहतस्वरूप ५० हजार र घर बनाउन जस्तापाता उपलब्ध गराउने भनिए पनि ४/५ महिना बितिसक्दा

पनि पाउन नसकेको पीडितहरूको गुनासो थियो । वास्तविक पीडितहरूको यकीन गर्न र क्षतिको समेत वर्गिकरण गरी क्षतिको आधारमा राहत वितरण गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए । पीडितहरूले हिउँदमा घरटहरा नबनाउने हो भने वर्षात्मा पुनः खुला आकाशमुनि बस्नुपर्ने बाध्यता आउन सक्नेतर्फ आयोगमार्फत हेलम्बुका बाढीपीडितलाई उचित बसोबासको व्यवस्था गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउन अनुरोध गरेका थिए ।

अनुगमनपछि आयोगले बाढीका कारण मृत्यु भएका र बेपत्ता भएका व्यक्तिका परिवारलाई तत्काल पर्याप्त राहत उपलब्ध गराउन भनेको छ । हेलम्बु, मेलम्ची, पाँचपोखरी क्षेत्रका बाढी प्रभावित नागरिकको भएको क्षतिको मूल्याङ्कन गरी तत्काल विशेष राहत प्याकेज घोषणा गनुपर्ने लगायतका सुझावहरू अनुगमन टोलीले प्रस्तुत गरेको छ ।

## सिन्धुली र धनुषा जिल्लामा प्राकृतिक विपद्ले पारेको प्रभाव सम्बन्धमा अनुगमन

आयोगको केन्द्रीय कार्यालयबाट सिन्धुली र धनुषा जिल्लामा प्राकृतिक विपद्को कारण नागरिकको जीवनमा पारेको प्रभाव सम्बन्धमा २०७८ असोज २ देखि ८ सम्म अनुगमन भएको छ । टोलीले विपद्को पूर्वतयारी, उद्धार, राहत्, विपद् नियन्त्रणका लागि गरिएका प्रयासहरू एवम् विपदको समयमा नागरिकहरूको मानव अधिकार अवस्था संरक्षण लगायतका विषयमा केन्द्रीत रही अनुगमन गरेको थियो ।

अनुगमनबाट सुनकोशी डाइभर्सनका कारण मरिण गाउँपालिकाका बासिन्दाहरू त्यसमा पनि विशेषगरी माझी समुदाय बढी जोखिममा रहको स्थानीयहरूको भनाइ रहको थियो । कमला नदी चुरे भएर बग्ने हुँदा नदीको किनारमा बसोबास गर्ने माझी दनुवार लगायतका अन्य समुदायसमेत चुरेको खहरेबाट प्रभावित भएको अवस्था पाइयो । रानीबासको प्राकृतिक प्रकोप नियन्त्रण, उद्धार, राहत, पुनःस्थापना र पुनःनिमार्णको लागि संयुक्त रूपमा कार्ययोजना निर्माण गरी लागु गरेको देखिन्छ । विशेषतः यसमा जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरी गरी ३ वटै सुरक्षा निकाय, जिल्लास्थित प्रकोपमा काम गर्ने गैरसरकारी संस्थाहरू र नेपाल रेडक्रस सोसाइटी रहेका छन् । नदी कटानले व्यक्तिको खेती योग्य जमिन वर्षेनी नष्ट भइरहेको सर्न्दभमा तत्काल र दीर्घकालीन रूपमा कदम चाल्नुपर्ने टोलीको सुझाव रहेको छ ।

## सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहँचको अवस्था सम्बन्धमा अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले नुवाकोट जिल्लाको पञ्चकन्या, लिखु, बेलकोट र विदुर लगायतका स्थानीय तहहरूमा सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँचको अवस्था सम्बन्धमा अनुगमन गर्नुका साथै स्थानीय सरोकारवालासँग छलफल गरेको छ । अनुगमनका लागि आयोगको केन्द्रीय कार्यालयबाट उपसचिवको नेतृत्वमा मानव अधिकार अधिकृतसहितको टोली मिति २०७८ असोज १४ गतेदेखि २० गते सम्म

खटिएको थियो । टोलीले दलित तथा सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र स्थानीयतहका नीति, योजना, बजेट र कार्यक्रमहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा केन्द्रीत रही अनुगमन गरेको थियो ।

अनुगमनको क्रममा दलित समुदायमा ७० प्रतिशत जनसङ्ख्या मजदुरी गरी जीवन निर्वाह गर्ने र नुवाकोटको बेलकोट गाउँपालिकामा अझै पनि छुवाछुतको अवस्था विद्यमान छ । विवाह, भोज, सामाजिक कार्यक्रमहरूमा दलितका र अन्य समुदायका लागि छुट्टाछुट्टै भान्छा राखिने परिपाटी छ । त्यसैगरी, दलित तथा सीमान्तकृत समुदायका बालबालिकाहरूको भर्नादर उल्लेख्य रहेको भए पनि उमेर नपुगी अभिभावकहरूले विवाह गरिदिने हुँदा बीचमा पढाइ छाड्ने गरेका छन् । दलित समुदायका विद्यार्थीलाई दिइने रु.४००।- छात्रवृत्ति प्रभावकारी हुन सकेको पाइएन । यसमा पनि कारण खोजी अगाडि बढ्नुपर्ने टोलीको सुझाव रहेको छ ।

## आइएलओ १६९ को कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगले आइएलओ १६९ को कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन सम्पन्न गरेको छ । अनुगमनका लागि आयोगको केन्द्रीय कार्यालयबाट मा.डा.सूर्य ढुङ्गेलको नेतृत्वमा टोलीले दोलखा जिल्लामा आदिवासी जनजातिको अधिकारको अवस्था अनुगमन गरेको थियो । यसको साथै रामेछाप जिल्लामा प्रस्तावित सुनकोशी २ परियोजना र मरिण डाइभसनले माझी समुदायलाई पारेको असर सम्बन्धमा मिति २०७८ कात्तिक ८ देखि १६ सम्म अनुगमन गर्नुका साथै स्थानीय सरोकारवालासँग छलफल गरेको थियो ।

छलफलको क्रममा तटीय क्षेत्रमा बस्ने माझीहरूको मुआब्जा विवरण पारदर्शी नभएकोले बसाइको आधारमा मुआब्जा दिनुपर्ने र यसको लागि स्थानीय सरकार तथा प्रमुख जिल्ला अधिकारीको कार्यालयले पहल गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए । आयोगको तर्फबाट आदिवासी जनतातिको अधिकार संरक्षणका लागि भएका प्रयासहरूको बारेमा जानकारी गराइएको थियो ।

संयोजन/सम्पादन मण्डल

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी

सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा
राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, लपितपूर